# छायाँनाथ रारा नगरपालिका एकल पूरुषको भत्ता वितरण कार्यविधि२०७७

**प्रमाणिकरण मिति : २०७७।०९।२४**

**प्रस्तावना :** छायाँनाथरारा नगरपालिकाका अन्तर्गत रहेका एकल पूरुष नागरिकको सामाजिक सूरक्षा र लैङ्गिक समनता सुनिच्चित गर्ने उद्येश्यलेछायाँनाथरारा नगरपालिकाबाट यो कार्याविधी जारी गरिएको छ ।

१)**संक्षीप्त नाम र प्रारम्भ** (१) यस कार्याविधीको नाम एकल पूरुष भत्ता वितरण सम्बन्धी कार्याविधी २०७६ रहेको छ ।

२)**यो कार्यविधि**छायाँनाथरारा नगरपालिकाकाको बैठकले पारित गरी स्थानीय राजपत्रमा प्रकासन भए पश्चात प्रारम्भ हुनेछ ।

२)**परिभाषा** (१) विषय वा प्रशंगले अको अर्थ नलागेमा यस कार्यविधिमा

क)**एकल पूरुष भन्नाले** आफ्नो पतिको पश्चात मृत्यू अर्को विवाह नगरी बसेका पूरुषलाई संभ्कनुपर्नेछ।

ख)**नगरपालिकाका भन्नाले** छायाँनाथरारानगर पालिकालाई संम्भ्कनुपर्नेछ।

ग)**कार्यालय भन्नाले** छायाँनाथरारानगरपालिकालाई संभ्कनुपर्नेछ।

घ)**वडा कार्यालय भन्नाले** नगर पालिका अन्तर्गतका सम्पूर्ण वडा कार्यालयलाई संम्भ्कनु प्रनेछ ।

ङ)**उप प्रमख भन्नाले** नगर पालिकाको उप प्रमखलाई संम्भ्कनु पर्नेछ ।

च)**भत्ता भन्नाले** दफा ३ बमोजिमको रकम बुझ्नु पर्नेछ ।

३) एकल पूरुष भत्ता पाउने (१)देहायका बमोजिमका नागरिकले मात्र एकल पूरष भत्ता पाउन योग्य हुनेछन् ।

क) नेपाली नागरिक ।
ख)छायाँनाथरारा नगरपालिका भित्र स्थायी बसोवास गर्ने ।
ग)पत्निको मृत्यू भई अर्को विवाह नगरेको ।
घ) अदालतबाट सम्बन्ध विच्छेद भएको ।
ङ) उमेर ४० बर्ष पूरा भई ६० बर्ष पुरा नभएको ।

(च) सम्बन्धीत वडा कार्यालयले अविवाहित भनी प्रमाणित गरेको प्रमाण पत्र भएको ।

४) **एकल पूरुष भत्ता नपाउने**, दफा ३ बमाजिम योग्यता पूगेका भएता पनि देहायका बमोजिमका नागरिकले मात्र यस कार्यविधिबमोजिमको एकल पूरष भत्ता पाउने छैन ।

क) कूनै सरकारी सार्वजनीक पदमा नियूत्ती, निवाचित,मनोनित भएका नागरिक ।
ख) सरकारी कोषबाट निवृत्तीभरण पाई रहेका नागरिक ।
ग) प्रचलित कानुन बमोजम अन्य सामाजिक सूरक्षा भत्ता लिइ रहेका नागरिक वा लिने नागरिक ।

**५) भत्ता रकम र वितरण** :(१) एकल पूरुषलेछायाँनाथरारा नगरपालिकाकाबाट एक आर्थिक बर्ष भित्र छुट्याईएको कुल रकमले सो आर्थिक बर्ष भित्र निवेदन दिएका कुल संख्याले भाग गरेर आएको रकमका दरले भत्ता पाउने छन्।

**२)को उपदफा** (१) बमोजिको भत्ता छायाँनाथरारा नगरपालिकाका को कार्यालय स्थीत महिला तथा बालवालिका शाखाबाट प्रत्येकआर्थिक बर्षको अन्तीम भत्ता वितरण गरिनेछ ।

६) **निवेदन दिनु पर्ने**, १ (३) बमोजिमको भत्ता पाउने नागरिकले सम्बन्धीत वडा कार्यालय माफ्तछायाँनाथरारा नगरपालिकाका को कार्यालय स्थीत महिला तथा बालवालिका शाखामा अनुसूचि १ बमोजिमको निवेदन दिनु पर्नेछ ।

**२) उपदफा १** बमोजिमको निवेदन साथ देहाएको कागजात मध्यका कुनै कागज प्रमाण निवेदकले निवेदन साथ गंलग्न गरी राख्नुपर्नेछ ।

क) नेपाली नागरिकताको प्रमाण-पत्रको प्रतिलिपी
ख)पत्निको मृत्यू दर्ता प्रमाण-पत्रको प्रतिलिपी
क) नेपाली नागरिकताको प्रमाण-पत्रको प्रतिलिपी ।
ख) छायाँनाथरारा नगरपालिका भित्र स्थायी बसोवास कागज पत्रको प्रमाण ।
घ) अदालतबाट सम्बन्ध विच्छेद भएको प्रमाण-पत्रको प्रतिलिपी ॥
ङ) उमेर ४० बर्ष पूरा भई ६० बर्ष पुर काजग प्रमाण ।
(च) सम्बन्धीत वडा कार्यालयले अविवाहित भनी प्रमाणित गरेको प्रमाणप्रमाण-पत्रको प्रतिलिपी ।

३)**उपदफा १** बमोजिमको निवेदन प्राप्त भएमा वडा कार्यालयले छायाँनाथरारा नगरपालिकाका को कार्यालय स्थीत महिला तथा बालवालिका शाखामा सिफारिस गरी पठाउनु पर्नेछ ।

४) **उपदफा ३** बमोजिमका कार्वाही गर्दा एकल पूरुष भत्ता नपाउने देखिएमा कारण खुलाई सो को लिखित जानकारी छायाँनाथरारा नगरपालिकाका को कार्यालय स्थीत महिला तथा बालवालिका शाखाबाट सम्बन्धीत निवेदकलाई जानकारी  दिन पर्नेछ ।

३) **उपदफा ३** बमोजिमको कार्वाही गर्दा एकल पूरुष भत्ता पाउने देखिएमा छायाँनाथरारा नगरपालिकाका को कार्यालय स्थीत महिला तथा बालवालिका शाखाले आवश्यक कागजात संलग्न गरी अभिलेल खडा गरी राख्नु पर्नेछ ।

७)**परिचय पत्र** (१) यस कार्यविधिबमोजिम एकल पूरुष भत्ता पाउने नागरिकलाई नगरपालिकाले अनुसूचि १ बमोजिमको परिचय पत्र दिनु पर्नेछ ।

(२) **उपदफा १** बमोजिमका परिचय पत्र नलिएका नागरिकले एकल पूरुष भत्ता पाउने छैनन्

३) **उपदफा १** बमोजिमका प्राप्त भएका परिचय पत्र हराए वा प्रयोग गर्न नमिल्ले भए रु १०० प्रतिलिपि दस्तुर संलग्न गरी कार्यालयमा अनुसूचि ३ कमोजिमको निवेदन दिई प्रतिलिपी लिन सकिने छ ।

८)**अभिलेख राख्नु प्रने** (१) नगरपालिकाले यस कार्यविधिबमोजिम एकल पूरुष भत्ता पाउने नागरिकको वितरण गरिएको एकल पूरुष भत्ताको अभिलेख अनुसूचि ४ बमाजिम राख्नुपर्नेछ ।

२ वडा कार्यालयले दफा ६ बमोजिम परेको निवेदन को अभिलेख अनुसुचि ५ बमोजिम राख्नु पर्नेछ ।

९) **अभिलेखबाट नाम हटाउने** (१) नगरपालिकाले देहाएको अबस्थामा एकल पूरुष भत्ता पाउने नागरिकको नाम अभिलेखबाट हटाउने छ ।

क) एकल पूरुषले विवाह गरेमा ।
ख) बसाई सरी अनेन्त्रै गएमा ।
ग) प्रचलित कानुन बमोजिम अन्य सामाजिक सूरक्षा भत्ता लिएमा ।
घ) ६० बर्षको उमेर पूरा भएमा ।

घ) मृत्यू भएमा ।

**१०) कसुर र सजाए**(१) कसैले देहाएको कार्य गरेमा यस कार्यविधिबमोजिम कसुर गरेको मानिनेछ ।

क) विवरण ढाँटी एकल पुरुष भत्ता लिएमा

**२ कसैले उपदफा** १को खण्ड क मा कमोजिमको कसूर गरेमा त्यस्तो कसुर गर्ने व्यक्तिले लिएको रकम असुल गरी निजलाई विगो वरावरको जरिवाना हुनेछ ।

**११) अनुगमन समन्धित व्यवस्था** (१) एकल पूरुषले भत्ता पाउने व्यक्तिको अभिलेख व्यवस्थापन तथा भत्ता वितरणको अनुगमन नगर उप प्रमुख वा निजले तोकेको नगर पालिकाको कुनै सदस्य वा कर्मचारीले गर्ने छ ।

**१२) प्रतिवेदन दिनु पर्ने** (१) एकल पूरुष भत्ता वितरण गरी सके पछि सो को प्रतिवेदन महिला तथा बालवालिका शाखाले त्यसको प्रतिवेद नगर पालिका समक्ष पेश गर्नु पर्ने छ ।

**१३) संसोधन** नगर कार्यापालिकाको बैठकले यो कार्यविधि संसोधन गर्न सक्नेछ ।

**१४) यो कार्यविधि** कार्यन्वयन गर्दा कुनै वादा परेमा नगर कार्यापालिकाले आवश्यक निर्णय गरी त्यस्तो वाधा अड्काउ फुकाई कार्यन्वय गर्न सक्नेछ ।

**१५) बचाउ** (१) **यस कार्यविधि** लागु हुनु भन्दा अगाडी कुनै निवेदन वडा कार्यालय वा नगरपाकिामा परेको रहेछ भने यसै कार्यविधि बमोजिम भएको मानिनेछ ।

अनूसूचि १

(दफा ६को उपदफा १ संग सम्बन्धित)

नाम दर्ताको लागी दिने निवेदनको दाँचा

मिति :.........................

श्रीमन् नगर प्रमुख ज्यू
छायाँनाथ रारा नगरपालिकाका को कार्यालय
गमगढी मुगु

| |
|---|
| फोटो |

म निवेदक यस छायाँनाथ रारा नगरपालिकाका को एकल पूरुष भत्ता वितरण सम्बन्धि कार्यविधि बमोजिम भत्ता पाउन योग्य भएकोले देहाए बमोजिमका विवरण सहित यो निवेदन पेश गरेको छु ।

**व्यक्तिगत विवरण**

१) नाम,थर : .................................
२.ठेगाना : प्रदेश : कर्णाली, जिल्ला : मुगु, स्थानीय तह : छायानाथ रारा नगरपालिका वडा नं........टोल ........
३.जन्म मिति : ...........४.नागरिकता नं. ...........जारी मिति : ..........उमेर......
४.बाबु,आमा वा संरक्षणको नाम ..........................

५. आवश्यक संलग्न काजजातहरु : (आफुसंग भएका कागज प्रमाणमा टिक लगाउने)

क) नेपाली नागरिकताको प्रमाण-पत्रको प्रतिलिपी
ख) पत्निको मृत्यू दर्ता प्रमाण-पत्रको प्रतिलिपी
क) नेपाली नागरिकताको प्रमाण-पत्रको प्रतिलिपी ।
ख) छायाँनाथ रारा नगरपालिका भित्र स्थायी बसोवास कागज पत्रको प्रमाण ।
घ) अदालतबाट सम्बन्ध विच्छेद भएको प्रमाण-पत्रको प्रतिलिपी ॥

ङ) उमेर ४० बर्ष पूरा भई ६० बर्ष पुर काजग प्रमाण ।

(च) सम्बन्धीत वडा कार्यालयले अविवाहित भनी प्रमाणित गरेको प्रमाण प्रमाण-पत्रको प्रतिलिपी ।

(मैले राज्य कोषकाट कुनै पारिश्रमिक,निवृत्तिभरण,सामाजिक सूरक्षा भत्ता,वा यस्तै प्रकारका कुनै अन्य सूविधा पाएको छैन । माथि उल्लेखित व्यहोरा ठीक हो झुट्टा ठहरेमा प्रचलित ऐन निएम अनुसार सहुला बुझाउला)

निवेदक
दस्तखत

अनूसूचि २

(दफा ७ को उपदफा १ संग सम्बन्धित)

परिचय पत्रको नमूना

थ रारा नगरपालिका

..लिकाको कार्यालय

गमगढी मुगु

कणार्ली प्रदेश नेपाल

फोटो

**एकल पूरुष परिचय-पत्र**

१. परिचय-पत्र नं. ............

२.नाम,थर : ............................

३.ठेगाना : प्रदेश : कर्णाली, जिल्ला : मुगु, स्थानीय तह : छायानाथ रारा नगरपालिका वडा नं. .....

४.जन्म मिति : ..................... ४.नागरिकता न. ......................................

५.बाबु,आमा वा संरक्षणको : ...................................

६.परिचय-वाहकको दस्तखत :

७. परिचय-पत्रका प्रमाणित गर्नेको :नाम,थर :..................

हस्ताक्षर :
पद : .........................
मिति : .....................

यो परिचय-पत्र कसैले पाएमा नजिकैको प्रहरी कार्यालय वा स्थानीय तहमा बुझाई दिनु होला ।

अनूसूचि ३

(दफा ६ को उपदफा १ संग सम्बन्धित)

प्रतिलिपि पाँउ भनी दिने निवेदनको दाँचा

मिति :............................

श्रीमन् कार्यालय प्रमुख ज्यू
छायाँनाथ रारा नगरपालिकाका को कार्यालय
गमगढी मुगु

फोटो

विषय : प्रतितिलि पाँऊ भन्ने बारे ।

उपरोक्त सम्बन्धमा म निवेदकको एकल पूरुष परिचय पत्र नं.........को परिचय पत्र (हराएको,प्रयोग गर्न नमिल्ने भएको) हुनाले एकल पूष भत्ता वितरण सम्बन्धि दफा ७ को उपदफा (३) बमोजिम प्रतिलिपि दस्तुर साथमा राखी परिचय पत्रको प्रतिलिपि पाँउ भनि सादर अनुरोध छ ।

**संलग्न कागजात हरु :**

१) नेपाली नागरिकताको प्रमाण-पत्रको प्रतिलिपी

२) एकल पूरुषको परिचय पत्रको प्रमाणित प्रतिलिपि

**निवेदकको**

नाम :

थर

पूरा ठेगाना :

सर्म्पक नं.

अनूसूचि ४

(दफा ८ को उपदफा १ संग सम्बन्धित

एकल पूरुष भत्ता प्राप्त गर्ने लाभग्राहीको मूल अभिलेखिकरण

छायाँनाथ रारा नगरपालिकाका को कार्यालय गमगढी मुगु आर्थिक बर्ष.........

| क. स. | परिचय पत्र नं. | नाम, थर | जन्म मिति (वि.स) | उमेर | वडा नं | नागरिकता नं | भत्ता | दस्तखत | जम्मा रकम |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | |

अनूसूचि ५

(दफा ८ को उपदफा २ संग सम्बन्धित

एकल पूरुष भत्ता निवेदनको अभिलेखिकरण

छायाँनाथ रारा नगरपालिकाका को कार्यालय गमगढी मुगु आर्थिक बर्ष.........

| क. स. | निवेदन नं. | निवेदकको नाम, थर | निवेदन दर्ता भएको मिति | जन्म मिति (वि.स) | उमेर | वडा नं | नागरिकता नं जारी भएको मिति | निवेदन उपर भएको कारवाही मिति | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | |

**आज्ञाले**

बद्री प्रसाद शर्मा वाग्गे

प्रमुख प्रशासकीय अधिकृत